सुन्दर शान्त र प्राकृतिक सम्पत्ति कुशेको शान ।
बालमैत्री शुशासनयुक्त कुशे निर्माण, हाम्रो अभियान ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) कुशे गाउँ कमिटी, जाजरकोट

स्थानीय तहको निर्वाचन-२०७९

नेकपा (एमाले)
कुशे गाउँपालिकाको

# प्रतिवद्धता-पत्र

Scanned with CamScanner

सुन्दर शान्त र प्राकृतिक सम्पत्ती कुशेको शान ।
बालमैत्री, सुशासनयुक्त कुशे निर्माण हाम्रो अभियान ॥

स्थानीय तहको दोस्रो निर्वाचन २०७९ बैशाख ३० गते
२०७९ बैशाख ९ गते पार्टी स्थापनाको ७३ वर्षको अवसरमा सार्वजनिक

# नेकपा (एमाले) कुशे गाउँपालिकाको प्रतिबद्धता-पत्र

## भुमिका

नयाँ संविधान जारी भइसकेपछि स्थानीय तहको दोस्रो निर्वाचन यहि बैशाख ३० गते सम्पन्न हुदैछ । संविधान निर्माण र संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि नेकपा (एमाले) ले अग्रणी भुमीका खेलेको कुरा सवैमा सर्वविधितै छ । पार्टी सरकारमा रहँदा स्वास्थ्य विमा, सामाजिक सुरक्षा भत्ता लागु गर्नुका साथै पारवहान सम्झौता, पानी जहाज, रेल,तेल पाईप लाईन सञ्चालन लगाएत रानीपोखरी, धराहरा तथा भुकुम्प पछिको पुन: निर्माणको काम नेपाल सरकारका उदाहरणीय रुपमा रहेका छन । नाकावन्दिको सामना, कोरोनाको नियन्त्रण र नेपालको चुच्चे नक्सा निकाल्ने जस्ता साहासिक कामका साथ साथै समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय आकांक्षा पुरा गर्न हाम्रो पार्टी नेकपा ( एमाले) लागेको छ भने कुशे गाउँपालिका स्थानीय सरकार सञ्चालन ऐन निर्माण गर्न, श्रोत परिचालन तथा सरकार सञ्चालनमा सकरात्मक सहयोग सुझव दिनुका साथै अघिल्लो सरकारका जन विरोधी कामका विरुद्ध निरन्तर रुपमा लागिरहेको छ ।

सामाजिक संस्कृतिक महत्व राखेको कुशे गाउँपालिका भौगोलिक विगटताको बावजुत पनि पर्यटनको प्रचुर सम्भावना, उच्च हिमाल, छहरा, वन जंगल जस्ता प्रकृतिको धनी भएता पनि शिक्षा, स्वास्थ्य र रोजगारीको अभाव संगै अघिल्लो सरकारको अवैज्ञानिक विकासको दृष्टीकोणले कुशे अहिले पनि सवै पालिका मध्ये पछाडि परेको यथार्थता हाम्रो सामु छ । त्यसैले जिल्लाको एक सम्भावना बोकेको पालिकालाई हर दृष्टिकोणले विकसित वनाउन हाम्रो पार्टीले नेतृत्व गर्नुपर्ने देखिन्छ ।

## अघिल्लो ५ वर्षको समिक्षा :

राज्यको नयाँ संरचना पछिको स्थानीय पहिलो सरकारको ५ वर्ष अवधीको समिक्षा गर्दा कुशे गाउँपालिकामा नेपाली काँग्रेसले सत्ता समालेको थियो भने हाम्रो पार्टी नेकपा (एमाले) निकटतम प्रति द्वन्दीको रुपमा उभिएको थियो । उक्त सरकारले दलित, महिला, जनजाती,गरिव, निमुखा, वेरोजगार तथा सिमान्तकृत वर्ग लगाएत कुशे वासीको जन अपेक्षा अनुरुपकाम गर्न नसकेको कुरा स्पस्ट नै छ । जनतालाई समान सेवा प्रवाह गर्नु भन्दा राजनितिक पुर्वाग्रही रुपमा पालिकालाई कार्यकर्ता भर्ती केन्द्रको रुपमा लिईएको



Scanned with CamScanner

ईतिहास यथार्थ छ । स्थानीय सरकार संचालन ऐन र कार्यविधिका आधारमा वजेट विनियोजन लगाएतका कामहरु विधि र पद्धतीवाट नभई हचुवा, तानासाही, हुकुमी शैली तथा उपभोक्तावादी प्रवृतिले सरकार संचालन गरेकाले हाल यस कुशे गाउँपालिका प्रति वर्ष ३ करोड देखी ५ करोड सम्मको व्यरुजु खेप्दै आएको छ । सरकार कुशे वासीको अपेक्षा र आवश्यकताको आधारमा सामान सेवा, सुशासन युक्त, शासकीय उत्तरदायि, पारदर्शी तथा नैतिवान कहिले पनि बन्न नसक्नु तितो सत्य हो । उपभोक्ता समिति, वि.व्य.स. समिति लगाएतका आम जनतावाट अनुमोदित हुने विषयलाई पालिकाको अध्यक्षले सिदै नियुक्ती गर्ने क्रियाकलापले आम सर्वसाधारण तथा गरिखाने युवा पंतिलाई यो सरकार निल्नु न ओकल्नु भईरहेको छ । हाम्रा सामु केही राम्रा काम पनि छन । तिनि कामहरु पनि कसै संगको समन्वयमा भएका होईनन । अभावमा कुशे गाउँपालिकाले धेर काम गरेको छ भन्ने केही भ्रम पनि छन तर उक्त कामहरु पनि समान रुपमा सम्पन्न नभएको जनगुनासाहरु धेरै छन । पालिकाले युवा रोजगारी, सञ्चार जस्ता केही राम्रा कामहरु सञ्चालन गर्ने घोषणा त गऱ्यो तर लागु गर्न नसक्नु ठुलो कमजारीका रुपमा हामीले लिएका छौं । अघिल्लो सरकारले गरेका राम्रो कामको निरन्तरता संगै गलत कामको सुधार गर्नु हाम्रो मुख्य कार्यभार हुनेछ ।

**आगामी ५ वर्षे प्रतिबद्धता :**

यस कुशे गाउँपालिकामा देखिएका तमाम समस्यालाई समाधान गर्नका लागि ५ वर्षे गुरु योजना निर्माण गरेर गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य, स्वच्छ पिउने पानी ,सुरक्षित वस्ती, अर्गानिक उत्पादन, वालमैत्री शासन, सामाजिक सुरक्षालाई अझ मजबुध वनाउने, वेरोजगारी समस्यालाई योग्यता र क्षमता अनुसार एक घर एक रोजगार सृजना गर्ने, वहुमुल्य खनिज पदार्थ एवं जडिबुटीको उत्खनन तथा प्रशोधन गर्ने, पर्यटनको विकास गर्ने, युवा तथा खेलकुदलाई प्राथमिकता दिई वाह्‍य प्रतिस्पर्धी वनाउने, पालिकाको आन्तरिक श्रोतको व्यवस्थापन गरी समुन्नत पालिका वनाउने हाम्रो पार्टी नेकपा (एमाले) को मुल दृष्टीकोण रहेको छ । जुन तल उल्लेख गरिएको छ ।

**१. वातावरण यातायात तथा भौतिक पुर्वाधार विकास ।**

२. वालमैत्री स्थानीय शासन ।

३. अर्गानिक उत्पादन र वजारीकरण ।

४. सामाजिक संस्कृतिक विकास ।

५. पर्यटन विकास तथा प्रवर्दन ।



Scanned with CamScanner

√ स्थानीय तहका एकल अधिकारका सबै कानुनहरु तथा साझा अधिकारका कानुनहरु संघ, प्रदेश संग सहकार्यका आधारमा निर्माण गरिनेछ ।

√ जल, जमिन, जंगल, जडिबुटी तथा खनिजलाई व्यवस्थापन सम्बन्धि आर्थिक कार्यविध तथा ऐन निर्माण गरिनेछ ।

√ अन्य आवश्यक ऐन कानुनहरु निर्माण गरिनेछ ।

**न्यायिक समिति एवं मेलमिलाप केन्द्र मध्यस्थता व्यवस्थापन :**

√ न्यायमा स्थानीय जनताको पहँचमा सुनिश्चिता र छिटो छरितोपना गर्नका लागि पालिकामा सो सम्बन्धि कार्यविधि बनाएर फराकिलो न्याय व्यवस्थापन गरिनेछ ।

√ पालिकामा एक न्यायिक समिति र प्रत्येक वडाहरुमा एक/एक मेलमिलाप केन्द्र स्थापना गरि समाबेशितामा पालिका भरी मेलमिलाप मध्यस्थकर्ता निर्माण गरिनेछ ।

√ न्यायिक समितिका फैसलाहरु कार्यान्वयन तथा अनुगमनका लागि एक संम्यन्त्र निर्माण गरिनेछ ।

√ विपन्न तथा गरिवका लागि निशुल्क कानुनी सेवा दिईने व्यवस्था गरिनेछ ।

√ मानव अधिकार संरक्षण तथा जातीय , लिङ्गिय रुपमा हुने विभिन्न खाले विभेदको न्युनिकरण गरिनेछ ।

√ लामो समयदेखि जगडिएको जाातीय भेदभाव तथा छुवाछुतलाई न्युनिकरण गरि जाातीय भेदभाव तथा छुवाछुत मूक्त गाउँपालिका घोषणा गरिनेछ ।

**स्थानीय अभिलेख व्यवस्थापन र सुचना प्रणाली :**

√ पालिका तथा वडाहरुको प्रोफाईल तयार गरि अध्यावधिक गरिनेछ ।

√ सुचना तथा अभिलेख स्थापना गरि सञ्चालन गरिनेछ ।

√ पालिका तथा वडाका सम्पुर्ण सेवाहरु डिजिटल प्रविधिवाट सञ्चालन गरिनेछ ।

√ सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख तथा संरक्षण गरिनेछ ।

**पालिका तथा वडा कार्यालय व्यवस्थापन र सेवा प्रवाह :**

√ पालिका तथा वडा कार्यालयहरुको सेवा प्रवाह चुस्त दुरुस्त रुपमा गरिने व्यवस्था मिलाईनेछ ।



Scanned with CamScanner

√ युवा युवतीहरुलाई खेलकुदमा आकर्षित गर्न विभिन्न खेलकुद सामाग्रीहरु वितरण गरिनेछ।

√ युवा यवतीहरुलाई कुलतवाट वच्न र देश विकासमा ईमान्दार,वफादार, कर्तव्यनिष्ट र जिम्मेवार नागरिक वनाउन १६ देखि १८ वर्ष उमेरको अवधि विशेष तालिमको व्यवस्था गरिनेछ।

√ प्राविधिक तथा व्यावसायिक तालिम मार्फत युवा उद्यमशिलताको विकास गरिनेछ।

√ पालिका स्तरीय खेलाडीको लागि अक्षयकोषको व्यवस्था गरि खेलाडीको सामाजिक सुरक्षा गरिनेछ।

**महिला सामनता र सशक्तीकरण :**

√ उपाध्यक्ष संग किशोरी कार्यक्रम लागु गरि महिला सामनता र लैङ्गिक समावेशीकरण तथा सशक्तिकरण गरिनेछ।

√ हरेक कार्यक्रममा ३३ प्रतिशत नघटने गरि उल्लेख्य महिला सहभागिता गराईनेछ।

√ प्रत्येक वडामा महिला अधिकार र कर्तव्य प्राप्तिको लागि पालिका तथा वडा स्तरीय महिला सञ्जाल गठन गरि सो मार्फत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

√ प्रत्येक उमेर पुगेका महिला दिदि वहिनी, आमाहरुलाई स्यानिटरी प्याड तथा सुत्केरी सामाग्रीहरु वितरण गरिनेछ।

**वालवालिका, जेष्ट नागरिक, अपाङ्गता, असक्त र पछाडी पारिएका वर्ग समुदायको उत्थान तथा सामाजिक सुरक्षा :**

**क) वालवालिका:**

√ हरेक टोल तथा वडामा एक/एक वटा वाल क्लव/सञ्जालहरु गठन गरिनेछ।

√ वालमैत्री स्थानीय शासनलाई निरन्तरता दिई पुर्ण कार्यान्वयन गरिनेछ।

√ वालवालिका विरुद्धका हिंसा, शोषण तथा दुर्व्यवहार अन्त्यका लागि मजवुत वालसंरक्षण प्रणालीको स्थापना गरिनेछ।

√ जोखिममा रहेका वालवालिकाको पहिचान,अभिलेखिकरण गरि सहयोग गरिनेछ।

√ वालमैत्री स्वास्थ्य सेवा सुनिश्चतता र विस्तार गरिनेछ।

√ सवै वालवालिकाको शिक्षामा पहुँच तथा वालमैत्री विद्यालयको व्यवस्था र गुणस्तरीय शिक्षाको व्यवस्था गरिनेछ।

√ टुहुरा तथा असहाय वाववालिकाहरुको संरक्षणको लागि एक संरक्षण केन्द्रको स्थापना गरिनेछ।



Scanned with CamScanner

**आवाश व्यवस्था :**

- √ सुरक्षित आवाश कार्यक्रम (खरको छानो मुक्त) लाई प्रभावकारी बनाईनेछ ।
- √ अति गरिबिको रेखामुनि रहेका नागरिकको लागि आवाश अनुदानको व्यवस्था गरिनेछ ।
- √ आवाश सम्वन्धि तथ्याङ्क संकलन गरी पालिका भित्र सकभर मापदण्ड अनुसारका भवनहरु निर्माण गर्ने परिपार्टीको थालनी गरिनेछ । डिजाईन ईस्टिमेट र पास गर्ने जनशक्ति पालिकाले गर्ने व्यवस्था गरिनेछ ।

**कृषि तथा पशुपंक्षी :**

- √ उत्पादनमा आधारित कृषक अनुदान कार्यक्रम लागु गरिनेछ ।
- √ परम्परागत उत्पादनलाई आधुनिकिकरण गर्न विशेष जोड दिईनेछ ।
- √ पाल्ते धान, भटमास, मकै, कोदो,मासको दाल लगाएतका अर्गानिक उत्पादनलाई पकेट क्षेत्र घोषणा गरि बजारीकरण गरिनेछ ।
- √ अर्गानिक पालिका घोषणा गरिनेछ ।
- √ नर्सरी उत्पादनका लागि अनुदानको व्यवस्था गरिनेछ ।
- √ सुन्तला जोनलाई पालिका भरी विस्तार गरिनेछ ।
- √ ५० भन्दा वढी पशुपंक्षि पालन गर्ने कृषकहरुलाई व्यवस्थित पशुपंक्षि पालन अनुदानको व्यवस्था गरिनेछ ।
- √ प्रत्येक टोलमा उन्नत जातको राँगा,बोका वितरण गरिनेछ ।
- √ स्थानीय जातका पशुपालनलाई विशेष प्राथमिकता दिएर पकेट क्षेत्र घोषणा गरिनेछ ।
- √ प्रत्येक वडामा कृषि प्राविधिक तथा पशु प्राविधिकको जनशक्ति व्यवस्थापन गरिनेछ ।
- √ वाटुल्ले र पाँचकाटियलाई मुख्य कृषि संकलन केन्द्र तथा टापुचौर, घरंगा लगाएत प्रत्येक वडा सदरमुकामहरुमा सहायक कृषि संकलन केन्द्र स्थापना गरिनेछ ।
- √ वाटुल्ले चाल्न लाई मत्स्यपालन विशेष क्षेत्र घोषणा गरि फर्म सञ्चालन गरेका कृषकहरुलाई अनुदानको व्यवस्था गरिरनेछ ।

**भुमि व्यवस्थापन, शहरी विकास तथा वस्ती विकास :**

- √ हाल सञ्चालित नमुना गाउँ निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- √ सडक यातायात, तथा भौगोलिक अवस्थाका आधारमा एकिकृत वस्ति विकास गरिनेछ ।
- √ अव्यवस्थित वसोवास, भुमिहिन तथा सुकुम्वासीको तथ्याङ्क संकलन गरि सोको समस्या समाधान गर्न भुमि सम्वन्धि समस्या समाधान आयोगको राष्ट्रिय कार्यक्रम संग जोड्न पहल गरिनेछ ।



Scanned with CamScanner

√ भार्मा, पाँचकाटिया, वाटुल्ले, लाई मुख्य वजार केन्द्रको रुपमा र घरञ्जा, टापुचौर, साँधिविसौना,छेडा लगाएत प्रत्येक वडा सदरमुकामलाई सहायक वजार केन्द्रका रुपमा विकास गरिनेछ ।

**पर्यटन विकास तथा प्रवर्द्धन :**

√ धार्मिक महत्व रहेको नदाई डाव पर्यटन मार्ग निर्माण तथा प्रवद्धनका लागि राष्ट्रिय कार्यक्रम संग जोड्न पहल गरिनेछ ।

√ पालिका भरी कम्तिमा १० वटा पार्कहरु निर्माण गरिनेछ ।

√ रुमालगाउँ, गोया, पाँचकाटिया, ,फुलबारी, पैंक, चाल्न, लगाएका क्षेत्रहरुमा आवश्यक अध्ययन गरि होम स्टेको व्यवस्था गरिनेछ

√ पैक कफल्लाको एतिहासिक मष्टा मन्दिरलाई धार्मिक तथ आरोग्य संरचना बनाई राष्ट्रिय रुपमा परिचित गरिनेछ ।

√ धाउनीछहरा,भौता छहरा लगाएतका छहराहरुमा रेलिङ सहित पद मार्ग निर्माण गरिनेछ ।

√ मष्टा, मालिका मन्दिर, कुशे, चाल्न, राता पाटन, ब्याउली ढुङ्गा जलजला नदाई डाव, वराहताल लगाएतका क्षेत्रलाई आरेग्य क्षेत्र घोश्रणा गरि पर्यटनको प्रवर्द्धन गरिनेछ ।

√ आरोग्य क्षेत्रको मध्य भागमा धर्मशाला निर्माण गरिनेछ।

√ कुशे आरक्ष क्षेत्र घोषणा गरेर एक चिडियाखाना निर्माण गरिनेछ ।

√ पर्यटन सुचना केन्द्र पाँचपाटिय तथा वाटुल्लेमा गरेर समग्र पर्यटन विकासका लागि संघ, प्रदेश संग आवश्यक समन्वय गरिनेछ ।

**कला संस्कृतिक तथा पुरातात्विक सम्पदा :**

√ मुलुककै महत्व राखेको ढिमेको स्थानीय खाँडो संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

√ धाँचा, पैसेरु,सिंगारु, देउडा, फाग, मागल, असारे गीत, चुटकिला, ठाडीभाका, लामसरीभाका लगाएतका स्थानीय कला संस्कृतिलाई संरक्षण तथा संवर्द्धन गरिनेछ ।

√ प्रत्येक वडाका पञ्चेवाजालाई संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

√ स्थानीय सारंगे नाचलाई व्यवस्थित वनाउन नाच सामाग्री वितरण गरिनेछ ।

√ पुरातात्विक महत्वका शिलालेख हरुको तथ्याङ्क संकलन गरि संरक्षण तथा संवर्द्धन गरिनेछ ।

**युवा तथा खेलकुद :**

√ पालिका भित्रका युवा युवतीलाई खेलकुदमा आन्तरिक प्रतिस्पर्धा गराई वाह्य प्रतिस्पर्धी वनाईनेछ ।

√ मालुमेलालाई कर्णाली प्रदेश स्तरीय खेलकुद रंगशाला निर्माण गरिनेछ ।



Scanned with CamScanner

गरेर पुर्ण सरसफाई युक्त पालिका घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

**आधुनिक उर्जा र विद्युतीकरण :**

√ आगामी ५ वर्ष भित्रै सवै घरधुरीमा विधुत लाईन प्रसारण गरिनेछ ।

√ वैकल्पिक उज्यालो कार्यक्रम लागु गरि सोलार नभएका घरधुरीलाई सोलार वितरण गरिनेछ ।

√ सरु मेघा जलविधुत आयोजनालाई तत्काल डि.पि.आर. निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।

√ खाडाखोला लघु जलविधुतलाई व्यवस्थित गरिनेछ ।

√ तिलिङ्गे, भित्रीखोला,पैंक लगाएतका निर्माणाधिनमा रहेका लघु जलविधुतको आवश्यक छानविन गरि तत्काल कार्यान्वयन गरिनेछ ।

√ प्रत्येक घरमा सुधारिएको चुलो कार्यक्रम सञ्चालन गरिनेछ ।

√ परम्परागतमा रहेका घट्टलाई सुधारिएको घट्ट निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

**सिंचाई पूर्वाधार तथा जलश्रोत :**

√ पानीको श्रोतका आधारमा वृहत सिंचाई,साना सिंचाई, फहरा सिंचाई तथा पोखरी सिंचाईको आयोजना सञ्चालन गरिनेछ ।

√ आकाशे पानीको जलाधार निर्माण गरि पोखरी सिंचाई निर्माण गरिनेछ ।

√ अन्य जलाधार जन्य कार्यहरु व्यापक रुपमा निर्माण गरिनेछ ।

**सडक तथा यातायात :**

√ पालिका भित्रका अव्यवस्थित रुपमा ट्रयाक खोलिएका सडकलाई व्वस्थित रुपमा स्तर उन्नति गरि वाह्रै महिना यातायात सञ्चलनमा गरिनेछ ।

√ धाउनी छहरा, मालिका, सौरेनी, डाँडाभौंता, धारापानी, भार्मा, चाल्ना, पैंक, समाईला, पाँचकाटिया र वाटुल्ले सम्म रिङ रोड निर्माण गरिनेछ ।

√ पाँचकाटिया देखि पालिका सदरमुकाम सम्मको सडक कालोपत्रे वनाईनेछ ।

√ कुशे व्याउली ढुङ्गा हुँदै जुम्ला जोड्ने सडक र सुरुङ मार्गलाई छिटो निर्माण गर्नका लागि केन्द्रमा पहल गरिनेछ ।

√ वाटुल्ले पालिका धारापानी हुँदै नदाई डाव, वाटुल्ले टापुचौर सरुकाँध नदाई तथा छेडागाड मालिका हुँदै नदाई पर्यटन मार्ग द्रुत गतिमा निर्माण गर्न विशेष पहल गरिनेछ ।



Scanned with CamScanner

**वन, वातावरण तथा विपत जोखिम व्यवस्थापन :**

- दिनानु दिन भईरहेको वन अतिक्रमणलाई रोक्न, संरक्षण गर्न तथा सामुदायिक वन उपभोक्ता समितिलाई वन संरक्षणमा उत्तरदायि वनाउन माथिल्लो निकाय संग समन्वय गरि ठोस योजना निर्माण गरिनेछ ।
- अनियन्त्रित सडक निर्माण, वाढी पहिरो तथा वातावरण प्रतिकुलनका कारण परेको प्रभावलाई न्युनिकरण गर्न ठोस योजना वनाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रार्कृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्वन्धि ठोस निनि तथा कार्यनिति वनाएर विपद कोष निर्माण गरि विपद व्यवस्थापन गरिनेछ ।

**लघु उद्यम एवं स्थानीय वजार व्यवस्थापन :**

- पालिका भित्र पाईने काईनाईट,टूमालिन पत्तथर लगाएत विभिन्न जडिवुटी तथा खनिजहरुको उत्खनन, प्रशोधन गरि वजारीकरण गरिनेछ ।
- पालिकाको २ क्षेत्र वाटुल्ले र पाँचकाटियमा जडिवुटी संकलन केन्द्र स्थापना गरिनेछ ।
- वाटुल्लेमा भटमास प्रशोधनको लागि मिल स्थापना गरिनेछ ।
- पाँचकाटियमा फलफुल जुस उद्योग स्थापना गरिनेछ ।
- पालिकामा नेपाली कागज उद्योग स्थापना गरिनेछ ।
- वाटुल्लेमा सरगाड माछा संकलन केन्द्र स्थापना गरिनेछ ।
- अन्य स-साना लघु उद्योग आवश्यकताको आधारमा स्थापना गरिनेछ ।

स्थानीय श्रोत साधन तथा राजश्व परिचालन :

- स्थानीय श्रोत साधन वाट वढी भन्दा वढी राजश्व संकलन गर्नका लागि पालिका, वाटुल्ले र पाँचकाटियमा राजश्व संकलन केन्द्र स्थापना गरिनेछ ।
- चोरी निकासी हुने गरेका जडीवुटी,काईनाईट, टूमालिन, पत्तथर उत्खनन तथा अर्गानिक उत्पादनलाई एकरुपतामा ल्याई निकासी पैठारीमा अनुगमन नियमन प्रणाली अवलम्वन गरिनेछ ।

**गाउँसभा संचालन एवं व्यवस्थापन :**

- पालिकाका विकासका प्रमुख मुद्धाहरुमा विज्ञ, नागरिक समाज तथा राजनैतिक सहमति र सहकार्यमा काम गरिनेछ ।
- हरेक वर्ष वजेट सभा तथा विधायन सभा गरि दुई सभा सन्चलन गरिनेछ । सो सभामा पालिकाका विज्ञ तथा राजनितिक दलका प्रमुखलाई आमान्त्रित गरिनेछ ।



Scanned with CamScanner

**ख) ज्येष्ठ नागरिक :**

√ प्रत्येक वर्ष ७० वर्ष नाघेका ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण तथा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

√ ६० वर्ष देखि ७० वर्ष मुनिका अन्य ज्येष्ठ नागरिकहरुलाई विशेष प्रोत्सानको व्यवस्था गरिनेछ ।

√ पारिवारिक तथा सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकहरुको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सृजना गरिनेछ ।

**ग) अपाङ्गता :**

√ नेपाल सरकारबाट भत्ता प्राप्त गर्न नसकेका (ग) र (घ) वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्सान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

√ पालिका तथा वडा स्तरीय अपाङ्गता सञ्जालहरु गठन गरि अपाङ्गता सवालमा काम गर्ने वातावरणको सृजना गरिनेछ ।

√ पालिका भित्रका सबै भौतिक संरचनाहरु अपाङ्गता मैत्री बनाउन पहल गरिनेछ ।

**घ) पछाडी पारिएका वर्ग समुदाय**

√ पालिका तथा वडाहरुको प्रोफाईल निर्माण गरि वर्ग, समुदायको तथ्याङ्क निकालेर अति गरिवी, गरिवी, सामान्य, मध्यम र उच्च रहेको अवस्था वर्गिकृत गरेर वर्गिय आधारमा विभिन्न क्षेत्रमा विशेष सौलियत दिने कार्यक्रम सञ्चातन गरिनेछ ।

√ जीवनयापन गर्न आयश्रोत नभएका नेपाल सरकारले तोकेको न्युन आय भएका, श्रम गर्न नसक्ने अशक्त र असाहय, एकल महिला, अपाङ्गता भएका वालवालिका तथा लोपोन्मुख जातिका नागरिकको पहिचान गरि सामाजिक संरक्षण गरिनेछ ।

**गरिवी निवारण तथा रोजगारी :**

√ पालिका भित्रको आम नागरिकहरुको गरिवी तथ्याङ्क संकलन गरि वर्गीकृत वार्षिक कार्डको व्यवस्था गरिनेछ ।

√ केन्द्र तथा प्रदेश सरकारले सञ्चालन गरेका रोजगारीका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

√ अध्यक्ष संग रोजगार कार्यक्रम मार्फत पालिका भित्रको रोजगारीको तथ्याङ्क संकलन गरि नागरिकको योग्यता र क्षमता अनुसार एक घर एक रोजगार कार्यक्रम लागु गरिनेछ ।

√ वेरोजगार युवाहरुलाई उद्यमशिलता तालिम दिएर युवा स्वरोजगारको सृजना गरिनेछ ।



Scanned with CamScanner

**ख) ज्येष्ठ नागरिक :**

√ प्रत्येक वर्ष ७० वर्ष नाघेका ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण तथा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

√ ६० वर्ष देखि ७० वर्ष मुनिका अन्य ज्येष्ठ नागरिकहरुलाई विशेष प्रोत्सानको व्यवस्था गरिनेछ ।

√ पारिवारिक तथा सामाजिक माध्यमबाट ज्येष्ठ नागरिकहरुको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सृजना गरिनेछ ।

**ग) अपाङ्गता :**

√ नेपाल सरकारबाट भत्ता प्राप्त गर्न नसकेका (ग) र (घ) वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्सान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

√ पालिका तथा वडा स्तरीय अपाङ्गता सञ्जालहरु गठन गरि अपाङ्गता सवालमा काम गर्ने वातावरणको सृजना गरिनेछ ।

√ पालिका भित्रका सबै भौतिक संरचनाहरु अपाङ्गता मैत्री बनाउन पहल गरिनेछ ।

**घ) पछाडी पारिएका वर्ग समुदाय**

√ पालिका तथा वडाहरुको प्रोफाईल निर्माण गरि वर्ग, समुदायको तथ्याङ्क निकालेर अति गरिवी, गरिवी, सामान्य, मध्यम र उच्च रहेको अवस्था बर्गिकृत गरेर वर्गिय आधारमा विभिन्न क्षेत्रमा विशेष सौलियत दिने कार्यक्रम सञ्चातन गरिनेछ ।

√ जीवनयापन गर्न आयश्रोत नभएका नेपाल सरकारले तोकेको न्युन आय भएका, श्रम गर्न नसक्ने अशक्त र असाहय, एकल महिला, अपाङ्गता भएका बालवालिका तथा लोपोन्मुख जातिका नागरिकको पहिचान गरि सामाजिक संरक्षण गरिनेछ ।

**गरिवी निवारण तथा रोजगारी :**

√ पालिका भित्रको आम नागरिकहरुको गरिवी तथ्याङ्क संकलन गरि वर्गीकृत वार्षिक कार्डको व्यवस्था गरिनेछ ।

√ केन्द्र तथा प्रदेश सरकारले सञ्चालन गरेका रोजगारीका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

√ अध्यक्ष संग रोजगार कार्यक्रम मार्फत पालिका भित्रको रोजगारीको तथ्याङ्क संकलन गरि नागरिकको योग्यता र क्षमता अनुसार एक घर एक रोजगार कार्यक्रम लागु गरिनेछ ।

√ बेरोजगार युवाहरुलाई उद्यमशिलता तालिम दिएर युवा स्वरोजगारको सृजना गरिनेछ ।



Scanned with CamScanner

√ विद्यालय देखि टाढा रहेका टोलहरुमा थप प्रारम्भिक बाल विकास केन्द्र स्थापना गरिनेछ र सबै बाल विकास शिक्षिकाहरुलाई मासिक १५ हजार पारिश्रमिकको व्यवस्था गरिनेछ।

√ गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सबै तहका शिक्षक शिक्षिकाहरुलाई अनिवार्य तालिमको व्यवस्था गरिनेछ।

**स्वास्थ्य क्षेत्र :**

√ प्रत्येक वडामा वर्थिङ सेन्टर तथा स्वास्थ्य चौकी भन्दा टाडा रहेका प्रत्येक टोलहरुमा गाउँ घर क्लिनिक तथा खोप केन्द्र निर्माण गरिनेछ।

√ पालिकाको सबै वडाहरुमा बाह्रै महिना एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ।

√ संघिय सरकारले सञ्चालन गरेको स्थगित १५ सैया अस्पतालको भवन तत्काल निर्माण गरि सञ्चालनमा ल्याईनेछ।

√ स्वास्थ्य वीमालाई थप सुलभ र प्रभावकारी बनाईनेछ।

√ महिला स्वास्य स्वयम सेविकालाई मासिक भत्ताको व्यवस्था गरेर थप परिचालित गरिनेछ।

√ पालिकाका आम नागरिकहरुलाई प्रत्येक ६/६ महिनामा निशुल्क स्वास्थ्य परिक्षण गरिनेछ।

√ वहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरतामा ल्याईनेछ।

**खानेपानी तथा ढल निकास :**

√ आधारभुत खानेपानी तथा सरसफाई सेवाबाट बञ्चित भएका समुदायको पहिचान र नक्साङ्कन गरिनेछ।

√ एक घर एक बालमैत्री धाराको अवधारण सहित स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ।

√ प्रत्येक व्यक्तिलाई स्वच्छ पानी पिउनको लागि एक घर एक फिल्टर वितरण गरिनेछ।

√ पालिका स्तरीय गुरुयोजना निर्माण गरि पानीका मुहान संरक्षण गरिनेछ।

√ व्याप्त सडक सञ्जालले धरापमा पारेको ढलको निकास उचित रुपमा गरिनेछ।

√ खानेपनी सरसफाई आयोजनालाई जलवायु अनुकुलतामा विपद जोखिम न्युनिकरण हुने गरि दिगो व्यवस्थापन गरिनेछ।

**सरसफाई तथा फोहर व्यवस्थापन :**

√ पालिका सदरमुकाम तथा स्थानीय बजारहरुलाई व्यवस्थित बनाएर फोहर मैला व्यवस्थापन गरिनेछ।

√ प्रत्येक घरमा ड्रम, भाडा माज्ने चाङ, सुरक्षित शौचालय र सफा आँगनको व्यवस्था



Scanned with CamScanner

६. रेडपाण्डा एवम वन्य जन्तु संरक्षण ।

७. युवा खेलकुद तथा रोजगारी सृजना ।

८. सिप युक्त र प्रतिस्पर्धी गुणस्तरीय शिक्षा र सुलभ स्वास्थ्य ।

९. जडिबुटी, खनिज उत्खनन, प्रशोधन र वजारीकरण।

१०. वन तथा वातावरण संरक्षण ।

यस स्थानीय तहको निर्वाचनवाट विजय प्राप्त गरी यहाँको जन अपेक्षा र चहाना अनुरुप कुशे गाउँपालिकालाई साच्चिकै जीवन्त र समृद्ध गाउँपालिका वनाउनका लागि १० खम्वे विकासको मोडेल मार्फत निम्न प्रतिवद्धता प्रस्तुत गरिएको छ ।

**शिक्षा क्षेत्र :**

√ पालिकामा निर्माण गरिने सम्पुर्ण भौतिक संरचनाहरु वालमैत्री तथा सिकाई मैत्री वनाईनेछ ।

√ सवै विद्यालयहरुमा पक्की तथा भुकुम्प प्रतिरोधात्मक भवनहरु निर्माण गरिनेछ ।

√ खस्किरहेको शैक्षिक स्थितिलाई गुणस्तरीय वनाउन प्रभावकारी निति वनाई पालिका स्तरीय अनुगमन, सुपरिवेक्षण समिति गठन गरेर पृष्ठ पोषणका आधारमा पुस्कृत तथा जरिवानाको व्यवस्था गरिनेछ ।

√ शिक्षक,विद्यार्थी अनिमिततालाई नियमित वनाउन ठोस निति अवलम्वन गरिनेछ ।

√ प्रत्येक वडामा एक/एक वटा सामुदायिक अध्ययन केन्द्र तथा वाल उध्ययन केन्द्र स्थापना गरिनेछ ।

√ द्धन्दपिडित,अपाङ्गता, गरिव, जेहेन्दार तथा दलित विद्यार्थीको लागि प्राविधिक तथा उच्च शिक्षा अध्ययन छात्रवृति कार्यक्रम लागु गरिनेछ ।

√ पालिका अनुदानलाई आवश्यकता र विद्यार्थी अनुपातका आधारमा दक्ष जनशक्तिको व्यवस्था गरि नेपाल सरकारको मापदण्ड अनुरुप पारिश्रमिकको व्यवस्था गरिनेछ ।

√ पालिका भित्र एक विद्यालय एक नर्सिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

√ मालिका वहुमुखि क्याम्पस लाई तत्काल सञ्चालनमा ल्याई विभिन्न संकायको पठन पाठन शरु गरिनेछ ।

√ पालिकामा एक वहु प्राविधिक शिक्षालय स्थापना गरिनेछ ।

√ प्रत्येक माध्यमिक विद्ययालयमा कम्प्युटर ल्याव र पुस्तकालयको स्थापना गरि त्यसका लागि दक्ष जन शक्तिको व्यवस्थापन गरिनेछ ।



Scanned with CamScanner

- √ पालिका तथा सबै वडामा पक्की तथा भुकुम्प प्रतिरोधात्मक भवनहरु बनाईनेछ ।
- √ कर्मचारी व्यवस्थापन, परिभाषित उत्तरदायित्वका माध्यमबाट सेवा प्रवाह गरिनेछ ।
- √ भौगोलिक क्षेत्र, जनसंख्या, गरिबी, र विकासको अवस्थाका आधारमा वडा तहमा बजेट विनियोजन गरिनेछ ।

**संस्थागत संरचना, शुसासन र जनशक्ति व्यवस्थापन :**

- √ कर्मचारी बृत्ति विकास , शासकिय प्रभावकारीता लगाएत संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- √ सुशासनमा पालिका, वडा तथा जनप्रतिनिधिहरु उत्तरदायि बन्ने र बनाउने योजना निर्माण गरिनेछ ।
- √ पालिकाका सबै जनशक्तिहरु पारदर्शी उत्तरदायि, जवाफदेयी, समावेशी तथा नैतिकवान वनाउन विशेष पहल गरिनेछ ।
- √ शान्ति सुरक्षामा व्यापक सुधार ल्याईनेछ ।
- √ लेखा परिक्षण तथा लेखा प्रणालीलाई प्रभावकारी बनाईनेछ ।

**सुचना तथा संचार प्रणाली :**

- √ एफ एमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- √ टेलिभिजन, पत्र पत्रिका तथा सामाजिक सञ्जाल मार्फत प्रभावकारी जन सेवा सञ्चालन गरिनेछ ।
- √ सुचनाको हकलाई प्रत्याभुत हुने गरि सुचना अधिकारीको व्यवस्था गरिनेछ ।
- √ सार्वजनिक क्षेत्रमा निशुल्क ईन्टरनेट सेवा प्रदान गरिनेछ ।
- √ हुलाक सेवालाई पनि प्रभावकारी बनाईनेछ ।

**निष्कर्ष:**

यो प्रतिवद्धता पत्रमा उल्लेखित निति, योजना र कार्यक्रमहरुलाई कार्यान्वयन गरी समृद्ध कुशे सुखी कुशेवासी वनाउने सपना पुरा गर्न सम्पुर्ण कुशे वासीहरुमा हार्दिक अपिल गर्दछौं ।



Scanned with CamScanner